# सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७५

**प्रस्तावना:**

सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७५ मा राजश्व संकलन सम्बन्धी व्यवस्था संशोधन गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको चौथो नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको आर्थिक ऐन (प्रथम संशोधन), २०७५" रहनेछ ।

(२) यो ऐन नगर सभाबाट पारित भई सूर्योदय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. दफा ९(क) थप गरिएको**: दफा ९ पछि देहाय अनुसारको दफा ९(क) थप गरिएको छ:

**९(क) सार्वजनिक निजी साझेदारी:** (१) सूर्योदय नगरपालिका र सूर्योदय नगर उद्योग वाणिज्य संघबीच आपसी समझदारी गरी सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप सूर्योदय नगर उद्योग वाणिज्य संघको सहयोग र सहजीकरणमा वार्षिक

लक्ष्य अनुरुप व्यवसाय दर्ता तथा नवीकरण कर असुल गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम वार्षिक लक्ष्य अनुरुप व्यवसाय दर्ता तथा नवीकरण कर असुली कार्यमा सहयोग र सहजीकरण गरेबापत सूर्योदय नगरपालिकाले कार्यविधि र मापदण्ड बनाई तोकिएको प्रतिशतले हुने रकम सूर्योदय नगर उद्योग वाणिज्य संघलाई उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको रकम नगरपालिका क्षेत्रको पर्यटन प्रवर्द्धन, उद्योग व्यवसाय प्रवर्द्धन, पशु बधशाला निर्माण, सार्वजनिक उद्यान, बाल उद्यान निर्माण जस्ता कार्यक्रम सञ्चालनका लागि पेश भएको प्रस्ताव नगर कार्यपालिकाबाट स्वीकृत गराएर खर्च गर्नुपर्नेछ ।

**३. दफा १८ मा संशोधन:** दफा १८ मा देहाय अनुसार संशोधन गरिएको छ:

**१८.** (१) यस आर्थिक ऐनमा छुट भएका राजश्व करको क्षेत्र (श्रोत), दायरा र दरका सम्बन्धमा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी लागु गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कुनैपनि विषयका दररेटहरु तत्काल निर्धारण गर्नुपर्ने भएमा मिल्दोजुल्दो अर्को विषयको दररेटलाई आधार मानी दर कायम गरिनेछ ।

**४. दफा १९ थप गरिएको:** दफा १८ पछि देहाय बमोजिमको दफा १९ थप गरिएको छ:

**१९. कर संशोधन:** (१) संघीय आर्थिक ऐन, २०७५ संशोधन भई एकीकृत सम्पत्ति कर लागु हुने बाटो खुल्ला भएको अवस्थामा एकीकृत सम्पत्ति कर लागु गर्न बाधा पर्ने छैन ।

(२) नगर कार्यपालिकाको एकीकृत सम्पत्ति कर सम्बन्धी कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**५. अनुसूची -१० मा संशोधन**: (१) अनुसूचीको प्रकरण (क) मासिक फोहरमैला व्यवस्थापन शुल्क लगाइने क्षेत्रहरुमा देहायका क्षेत्रहरु थप गरिएको छ:

- सू.न.पा. ४ स्थित अन्तु पोखरी  र अन्तु भञ्ज्याङ,
- सू.न.पा. ५ स्थित अन्तुडाँडा
- वडा नं. ३ को तीनखुट्टे
- वडा नं. ९ को बरबोटे

(२) अनुसूचीको प्रकरण (ठ) को ६ पछि देहाय अनुसार ७ थप गरिएको छ:

७ सहकारी संघ/संस्थाको प्रमाणपत्रको प्रतिलिपी दस्तुर रु. ५०० (आ.व. २०७५/७६)

**६. अनुसूची - ११ मा संशोधन**: अनुसूची ११ को प्रकरण (त) पछि देहायअनुसार प्रकरण (थ) र (द) थप गरिएको छ:

(थ) नक्सा पास नामसारी दस्तुर

| | |
|---|---|
| बाँसको बारबेर गरी माटोको लिउन गरेको /नगरेको र प्लाष्टिक /खर/कर्कटपाताको छानो भएको | ३०० |
| ईंटा/ढुंगा-माटोको जोडाई-बाँस/काठ/सिमेन्टले बारबेर गरी प्लाष्टिक/खर/कर्कट पाताको छाना लगाएको | ३५० |
| स्टील फ्रेम स्ट्रक्चर, जस्तापाताको छाना तथा बेरा भएको | ४०० |
| कर्कटपाताको छानो भएको ईंटा/ढुंगा-सिमेन्टको जोडाई भएको | ५०० |
| आर.सि.सि. सिमेन्ट प्लास्टर भएको कर्कट पाता वा ढलान छानो भएको | ५५० |
| २००० वर्ग फि. भन्दा कम | ६०० |
| २००० वर्ग फि. देखि ४००० वर्ग फि. सम्म | १००० |
| ४००० वर्ग फि. भन्दा माथि | २००० |

(द) नक्सापास प्रमाणपत्र दस्तुर

| | |
|---|---|
| १००० वर्ग फिटभन्दा कम भएका घर | रु. १०००/- |
| १००० वर्ग फिटभन्दा माथि भएका घर | रु. २०००/- |

**७. अनुसूची - १२ मा संशोधन**: अनुसूची - १२ को प्रकरण (ग) पछि देहायअनुसारको प्रकरण (घ) थप गरिएको छः

(घ) सूर्योदय नगरपालिका क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी पर्ती जग्गामा घरटहरा बनाई अस्थायी रुपले बसोबास गर्ने घरधनी तथा व्यवसायीहरुबाट असुल गरिने वहाल विटौरी करको दर देहाय बमोजिम हुनेछ :

एक तला भएको घरटहरा - रु. १० प्रति वर्गफिट

दुई तला भएको घरटहरा –रु. १५ प्रति वर्गफिट